Article DOI: : https://doi.org/10.3126/jeri.v5i1.88637

Journal of Educational Research and Innovation
A Multidisciplinary Bilingual Journal
ISSN 2631-2336; Volume 5, Issue 1, December 2025, pp.164-178
Indexed in Nepal Journals Online (NepJOL)

सहकारी संस्थामा महिला सहभागिता, समावेशी शिक्षा र सामाजिक आर्थिक सशक्तिकरणः एक घटना अध्ययन

शारदाकुमारी शाही

उपप्राध्यापक
मध्यपश्चिम विश्वविद्यालय
shahisarada@gmail.com

लेखसार

यो अध्ययन एक बचत तथा ऋण सहकारी संस्थामा महिला र सीमान्तकृत समुदायको निर्णय प्रक्रियामा सहभागिता र प्रतिनिधित्वको अवस्था विश्लेषणमा केन्द्रित छ । यस अध्ययनको मुख्य उद्देश्य जनहितकारी बचत तथा ऋण सहकारी संस्थामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको अवस्था विश्लेषण गर्ने हो । यो अध्ययनका लागि घटना अध्ययन (केस स्टडी) विधि प्रयोग गरिएको छ । संस्थाको वार्षिक प्रतिवेदन, स्मारिका, र प्रमुख पदाधिकारीहरूसँगको अन्तर्वार्ताबाट संस्थाको स्थापना कालदेखी हालसम्मका तथ्याङ्क संकलन गरिएको छ । उपलब्ध तथ्यले जनहितकारी सहकारी संस्थामा महिला सदस्यता सन्तोषजनक भए पनि निर्णय प्रक्रियामा उनीहरुको प्रभाव र नेतृत्व तहमा उपस्थिति सन्तुलित छैन भन्ने देखाँउछ । विगत २५ वर्षको अवधिमा संस्थाको सात वटा सञ्चालक समितिहरूमा महिला सहभागिता कहिले घट्ने र कहिले बढ्ने प्रवृत्ति देखिन्छ । हालको सञ्चालक समितिमा महिलाको संख्या उल्लेख्य भएपनि समितिको मुख्य पदहरूमा (अध्यक्ष, सचिव र कोषाध्यक्ष) महिला र दलितको उपस्थिति छैन । नौ वटा उप-समितिहरूमा महिलाको उल्लेख्य सहभागिता छ । सातवटा उप-समितिमा महिला संयोजक भएपनि दलित र जनजातिको सहभागगिता न्यून छ । सहकारी संस्थाले पूँजी निर्माण र आर्थिक सशक्तीकरणमा महत्वपूर्ण

Article Info.

Article History
Received: 31 October 2025
Revised: 2 December 2025
Accepted: 12 December 2025

Copyright Information
Copyright 2025 © The author(s).

Publisher

Graduate School of Education
Mid-West University
Birendranagar, Surkhet
www.mwu.edu.np

योगदान गरे पनि समन्यायिक विकास समावेशी शासनविना सम्भव छैन । त्यसकारण यस सहकारी संस्थाले समावेशी सहभागितामा ध्यान दिनुपर्ने देखिन्छ । सहकारी संस्थामा आरक्षणको कानुनी प्रावधान अनिवार्य बनाउँदै लैङ्गिक र जातजातिगत समानुपातिक प्रतिनिधित्वको अभ्यास गर्नुपर्ने देखिन्छ । निर्णय प्रक्रियामा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्न उनिहरूको क्षमता अभिबृद्धि सुनिश्चत गर्नुपर्ने कुरा अध्ययनले सुझाएको छ ।

प्रमुख शब्दावली: सहकारी, सहभागिता, समावेशीता, सामाजिक न्याय

परिचय

नेपालीमा सहकारी अवधारणा अभ्यासको इतिहास लामो छ । वि.सं. २०१० सालमा तत्कालीन योजना विकास तथा कृषि मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना भएको थियो । सहकारी संस्था सञ्चालनको औपचारिक थालनी वि.स. २०१३ साल चैत्र २० गते चितवनमा पाँचवटा सहकारी संस्था स्थापना गरी भएको थियो । सहकारिताको अनौपचारिक अभ्यास हाम्रो समाजमा अझ धेरै पुरानो छ । हाम्रो समाजका प्रचलित ढुकुटी, पर्म, तथा गुठी संस्थाहरु सहकारिताको अवधारणामा आधारित छन् (Shahi, 2006) । अहिले नियमानुसार दर्ता भएका सहकारी संस्थाहरु ग्रामीण र शहरी दुबै ठाँउमा सहजै देख्न सकिन्छ । सहकारी संस्थालाई सर्वसाधारण व्यक्तिको सहज पहुँच भएको वितिय संस्थाको रूपमा चिनिन्छ । अहिले नजिकको वितिय संस्था कुन हो भन्दा सबैले सहकारीको नाम लिन्छन । सहकारी संस्था नभएको ठाँउ छैन भन्न सकिन्छ । रिपब्लिका दैनिको सन २०२४ अगस्ट १९ को अंकमा उल्लेख भएअनुसार हाल नेपालमा लगभग ३१,३७३ वटा सहकारी संस्था छन (Ojha, 2024) । नेपाल प्रेसको जनवरी ५, २०२१ को अंकमा उल्लेखित तथ्यांकले सहकारी संस्थामा महिला सदस्यहरुको अनुपात लगभग ५६ प्रतिशत रहेको देखाँउछ, जुन अत्यन्तै सकरात्मक कुरा हो (नेपाल प्रेस, २०२१) । राष्ट्रिय जनगणना २०२१ को तथ्याङ्क अनुसार करिब ७,३०७,४६२ जना सहकारी संस्थाको सदस्य रहेको देखाँउछ (CBS, 2021) । यसरी हेर्दा करिव नेपालको जनसंख्याको २५ प्रतिशत व्यक्ति सहकारी संस्थामा आबद्ध रहेको देखिन्छ । एकातिर जनसंख्याको ठूलो हिस्सा सहकारीमा आबद्ध हुनु र त्यसमा पनि महिला सदस्यको अनुपात बढी हुनु अत्यन्तै सकरात्मक कुरा हो ।

समूदायको उल्लेखनीय हिस्सा सहकारी संस्थामा संलग्न भएको सन्दर्भमा सामाजिक न्याय र समाबेशीता र महिला, दलित, जनजाति र विपन्न र सीमान्तकृत समूदायका व्यक्तिहरूको सहभागिता सहकारी संस्थामा कस्तो छ भन्ने सवालमा प्राज्ञिक चाँसो हुन आवश्यक छ । उनिहरूको हक हित र जिवकोपार्जनमा सघाउने उद्देश्यले स्थापना भई क्रियाशिल सहकारी संस्थामा यिं लक्षित वर्गको निर्णायक तहको सहभागिता यस अध्ययनको मुल विषय हो । सहकारी संस्था सदस्यमा आधारित संस्था भएकाले यसको आन्तरिक शासन प्रणाली लोकतान्त्रिक र सहभागितामूलक हुन्छ भन्ने सैद्धान्तिक मान्यता छ । तर वास्तविक अभ्यासमा महिला, दलित, जनजाति र सीमान्तकृत समूदायको प्रतिनित्वको अवस्था कस्तो छ

भन्ने सवाल महत्वपूर्ण हुन्छ । त्यसमा पनि प्रतिनिधि सदस्यले निर्णायक तहमा कत्तिको आवाज उठाएका छन् र उनिहरूको आवाज कत्तिको सुनुवाई हुन्छ भन्ने कुराले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि अर्थ राख्छ ।

अहिले सामाजिक न्यायको शिक्षा र वितिय शिक्षा बर्तमान शिक्षा प्रणालीको अभिन्न अङ्ग बनेका छन् । यससम्बन्धी सैद्धान्तिक अवधारणा, अनुभव र अभ्यास समेटेर बनाइएको पाठ्यक्रम विभिन्न विश्व विद्यालयमा अध्ययन अध्यापन भैरहेको छ । मध्य पश्चिम विश्व विद्यालयले अभ्यास गरेको पाठ्यक्रमलाई उदाहरणको रुपमा हेर्न सकिन्छ । यसैबेला सर्वसाधारणको संलग्नतामा बनेका सहकारी संस्थाहरुमा ठगीका घटनाहरु पनि बढ्दै गएको सुनिन्छ । यस्ता घटनाहरुको शिकार हुनेमा प्राय महिला, दलित, जनजाति र विपन्न व्यक्तिहरु बढी छन् । नेतृत्व र निर्णायक तहमा उल्लेखित समूदायको प्रतिनिधित्व बलियो छ भने मात्र समावेशीकरण सुनिश्चित हुन्छ । यस सन्दर्भमा सहकारी संस्थाको निर्णायक तह र प्रक्रियामा महिला र सीमान्तकृत समूदायका व्यक्तिहरुको सहभागिता कस्तो छ भन्ने बारेमा प्राज्ञिक छलफल र बहस हुन आवश्यक छ । त्यसैले सहकारी संस्थालाई यस अध्ययनको विषय बनाइएको छ । सहकारी संस्थाको आन्तरिक संरचनामा महिला र सीमान्तकृत समूदायका व्यक्तिको संलग्नता र निर्णायक तहमा उनिहरुको सहभागिता विश्लेषण गर्ने प्रयास गरिएको छ । सहकारी संस्थाको संस्थागत संरचनामा आबद्ध व्यक्तिहरु र तिनसँग सम्बन्धीत लैङ्गिकता, शिक्षा, जातजाति जस्ता तथ्यहरुको विश्लेषणमा यो अध्ययन केन्द्रित छ ।

समस्या कथन

नेपालको सहकारी प्रणाली आर्थिक पहुँच विस्तार, स्थानीय पूँजी परिचालन र समुदायस्तरीय सशक्तिकरणको महत्वपूर्ण माध्यमका रूपमा विकसित हुँदै आएको छ। राष्ट्रिय जनगणना २०२१ अनुसार करिब एक चौथाइ जनसंख्या सहकारी संस्थामा आबद्ध रहेको र तीमध्ये महिलाको सहभागिता ५० प्रतिशतभन्दा बढी रहेको तथ्यले सहकारी संस्थाको सामाजिक पहुँच स्पष्ट गर्दछ। तथापि, संख्यात्मक सहभागिता उच्च भए पनि निर्णायक तहमा महिला, दलित, जनजाति तथा अन्य सीमान्तकृत समुदायको प्रभावकारी प्रतिनिधित्व कमजोर रहेको देखिन्छ।

यसै सन्दर्भमा, सहकारी संस्थालाई लोकतान्त्रिक अभ्यासको महत्वपूर्ण संस्था मानिए पनि व्यवहारमा भने सम्भ्रान्त वर्गको नियन्त्रण, शक्ति असन्तुलन र संरचनागत बहिष्करणका समस्या विद्यमान छन्। विशेषगरी शिक्षा, क्षमता अभिवृद्धि र नेतृत्व विकाससँग सहकारी संस्थाको भूमिका स्पष्ट रूपमा विश्लेषण गरिएको अध्ययन सीमित छन्। समावेशी शिक्षा र सामाजिक-आर्थिक सशक्तिकरणबीचको सम्बन्ध सहकारी संस्थाको अभ्याससँग जोडेर हेर्ने प्रयास अझै अपर्याप्त देखिन्छ।

यस अध्ययनको मुख्य समस्या के हो भने–सहकारी संस्थामा महिलाको संख्यात्मक सदस्यता उच्च भए पनि समावेशी शिक्षा, निर्णय प्रक्रियामा सहभागिता र सामाजिक-आर्थिक सशक्तिकरणबीचको सम्बन्ध व्यवहारमा कत्तिको प्रभावकारी छ भन्ने प्रश्न अझै स्पष्ट छैन।

अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य जनहितकारी बचत तथा ऋण सहकारी संस्थामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको अवस्था विश्लेषण गर्ने हो । यसका लागि यो अध्ययन निम्न विशिष्ठ उद्देश्यहरूमा केन्द्रत हुनेछः

(१). सहकारी संस्थाको आन्तरिक संरचनामा महिला तथा सीमान्तकृत समुदायको प्रतिनिधित्व विश्लेषण गर्नु।

(२). निर्णय प्रक्रियामा उनीहरूको वास्तविक सहभागिताको स्तर मूल्याङ्कन गर्नु।

(३). सहकारी संस्थाका शिक्षा तथा क्षमता अभिवृद्धि कार्यक्रमले समावेशी शिक्षा र सशक्तिकरणमा खेलेको भूमिका पहिचान गर्नु।

(४).सहभागितामूलक शासन र सामाजिक बहिष्करणका आयामहरू सहकारी अभ्याससँग जोडेर विश्लेषण गर्नु।

अध्ययनको सीमा

यो अध्ययन कर्णाली प्रदेशस्थित एक बचत तथा ऋण सहकारी संस्थामा केन्द्रित घटना अध्ययन हो। निष्कर्षहरू सोही संस्थागत सन्दर्भमा सीमित छन्, तर यसले नेपालका अन्य सहकारी संस्थाका लागि नीतिगत र विश्लेषणात्मक संकेत प्रदान गर्दछ।

अध्ययनको महत्व

यो अध्ययनले सहकारी, समावेशी शिक्षा र सामाजिक न्यायबीचको अन्तर्सम्बन्ध स्पष्ट गर्दै शिक्षा मूलक हस्तक्षेप र समावेशी शासन प्रवर्द्धनका लागि प्रमाण-आधारित सुझाव प्रदान गर्दछ ।

सैद्धान्तिक आधार र अवधारणात्मक फ्रेमवर्क

यो अध्ययन Pierre Bourdieu को Social Capital, Amartya Sen को Capability Approach र Social Exclusion, र Nancy Fraser को Justice Framework (Redistribution, Recognition, Representation) मा आधारित छ ।

- Bourdieu को social capital ले सहकारी संस्थामा नेटवर्क, विश्वास र संस्थागत पहुँच कसरी असमान रूपमा वितरण हुन्छ भन्ने बुझ्न सहयोग गर्छ।
- Sen को capability दृष्टिकोणले केवल अवसर होइन, समान क्षमता र निर्णय गर्ने स्वतन्त्रताको महत्वलाई उजागर गर्छ।
- Fraser को justice framework ले सहकारी संस्थामा समावेशीकरणलाई आर्थिक पुनर्वितरण, पहिचान र प्रतिनिधित्व को संयोजनका रूपमा विश्लेषण गर्न मद्दत गर्दछ।

यी तीनै सिद्धान्तको अन्तर्सम्बन्धका आधारमा सहकारी संस्थामा शिक्षा, क्षमता विकास र सहभागितामूलक शासनमार्फत सामाजिक-आर्थिक सशक्तिकरण सम्भव हुन्छ भन्ने अवधारणात्मक फ्रेमवर्क यस अध्ययनले ग्रहण गरेको छ।

साहित्य समीक्षा

क्षमता अभिबृद्धि समावेशीकरणको मूल आधार हो । समावेशीकरणको सुनिश्चिततताका लागि व्यक्तिले निर्णय गर्ने, सहभागि हुने र बोल्ने स्वतन्त्रता प्राप्त हुनैपर्छ । सामाजिक न्यायको अवधारणा अनुसार व्यक्तिका लागि समान अवसर मात्र होइन समान क्षमता पनि सुनिश्चत गरिनु पर्छ । समावेशीकरणका लागि सामाजिक विविधतालाई सर्वस्वीकार्य बनाई निर्णायक तह र नीति निर्माणमा सहभागिता गर्ने अधिकार सुनिश्चित गरिनु पर्छ । समावेशीकरणको सिद्धान्तले मानिसलाई केवल सहायता प्राप्त गर्ने व्यक्ति मात्र

नठानेर परिवर्तनका सक्रिय एजेन्ट मान्दछ । त्यसकारण समावेशीकरणले व्यक्तिको निर्णय क्षमता सुदृढ गर्ने कुरामा जोड दिन्छ (Sen, 2000; Sen, 1999) ।

सहभागितामूलक शासनको सिद्धान्तले निर्णय प्रक्रियामा सदस्यहरूको प्रत्यक्ष सहभागिता र सक्रिय भूमिकालाई प्रोत्साहन दिन्छ । लोकतान्त्रिक शासनमा केवल प्रतिनिधित्वमा सीमित नभई सह-निर्माण र सह-उत्तरदायित्वको अवधारणालाई महत्व दिइन्छ । यसको सुनिश्चित निर्णय प्रक्रिया सहभागितामूलक, पारदर्शी र उत्तरदायी बनाएर गरिन्छ । यसरी संस्थागत हुने नीतिहरू बढी प्रभावकारी र न्यायोचित हुन्छन् (Fung and Wright, 2001) ।

सहकारी संस्था सहभागितामूलक शासनको उत्कृष्ट उदाहरण हो, जहाँ सदस्यहरूले स्वामित्व, लगानी र निर्णय प्रक्रियामा समान भूमिका निर्वाह गर्छन भन्ने विश्वास छ । तर व्यवहारमा शक्ति सन्तुलन र विद्यमान सामाजिक अवस्थाका कारण निर्णय प्रक्रियामा समान अवसर नहुन सक्छ । सहभागितामूलक शासनको सिद्धान्तले खासगरी खुल्ला र समावेशी निर्णय प्रक्रिया, सदस्यको अर्थपूर्ण सहभागिता र निर्णय कार्यान्वयनमा उत्तरदायित्वलाई जोड दिन्छ (Fung and Wright, 2001) । यस अध्ययनमा, सहकारी संस्थाको आन्तरिक संरचना र निर्णयमा सदस्यहरूको सहभागिता, समावेशीता प्रवर्द्धनका कार्यक्रमको योजना र कार्यान्वयन, यस सिद्धान्तको माध्यमबाट विश्लेषण गर्न सकिन्छ ।

सहकारी संस्थामा शक्ति संरचना र सदस्यको सहभागिता व्यवहारमा अझै पनि एकसमान देखिदैन । यस सम्बन्धी नेपालमा गरिएका अध्ययनहरूले सहकारी संस्थाहरु हुनेखाने (सापेक्षतामा) वर्गको नियन्त्रण छन, निर्णय प्रकृयामा समावेशी प्रतिनिधित्वको अभावका कारण सबै सदस्यको आवाज समान रूपमा निर्णयमा समेटिदैन भन्ने कुरा देखाएका छन् (Shrestha, 2020; Pokhrel, 2018) । यसले के देखाउँछ भने सहभागितामूलक शासनको सिद्धान्तका आधारभुत मान्यता र व्यवहारबीच अन्तर छ । यसलाई बुझ्न अझ गहिरो अध्ययन अनुसन्धान आवश्यक छ । यस अध्ययनले यिं तथ्यलाई जनहितकारी सहकारी संस्थाको अभ्याससँग तुलना गरेर हेर्ने प्रयास गरेको छ ।

सहकारी संस्थाले सामाजमा छरिएको पूँजी एकिकृत गरेर स्थानीय स्तरमा विभिन्न अवसरहरु सृजना गर्छ । तथापी साहित्य अध्ययनले के देखाउँछ भने सहभागितामूलक शासनमा समावेशी प्रतिनिधित्व नभएमा सीमान्तकृत समूदायको आवाज निर्णयमा प्रभावकारी रूपमा समेटिदैन (Bourdieu, 1986) । सामाजिक न्यायको फ्रेमवर्क अनुसार समावेशीकरणको अभ्यासलाई सुदृढीकरणका लागि पुर्नवितरण, पहिचान र प्रतिनिधित्वको संयोजनले जरूरी हुन्छ (Fraser, 2009) । नेपालमा दलित, जनजाति, महिला र अपाङ्गता भएका व्यक्तिले अझै संरचनागत र सामाजिक चुनौतीका कारण शिक्षा लगायतका विभिन्न अवसरहरूमा पहुँच पाउन सकेका छैनन् (CERID, 2016; Khadka, 2020) ।

सहकारी संस्था सदस्यमा आधारित भएकोले समावेशिता प्रभावकारी रूपमा अघि बढ्छ भन्ने विश्वास छ । सहकारी संस्थाले छात्रवृत्ति र शिक्षा कोष स्थापना गर्दै सीमान्तकृत बालबालिकाको सहभागिता बढाउने अभ्यास गरेका उदाहरण प्रस्तुत गरेका छन् (ढकाल, २०१२) । तर अध्ययनले के देखाउँछ भने सहकारी संस्थाको निर्णय प्रक्रियामा सदस्यको सहभागिता कस्तो हुने भन्नेकुरा उनिहरुको शिक्षा र सामाजिक आर्थिक अवस्था निर्भर हुन्छ । ग्रामीण सहकारीमा सहभागी शासनले समुदायको विभिन्न सेवामा

पहुँच र सशक्तीकरणमा महत्वपूर्ण योगदान दिएको छ (Majee & Hoyt, 2011) । सहकारी संस्थाहरबाट नेपालमा पनि यस्तो सहयोग पुगेको छ ।

Birchall (2004) ले सहकारीलाई लोकतन्त्रको स्कूल भनी चित्रण गरेका छन् । उनका अनुसार सहकारी संस्थाले सदस्यलाई सामाजिक सहभागिता अभ्यासको अवसर दिन्छ । नेपालमा पनि सहकारी संस्थाले विद्यालयसँग सहकार्य गरेको, शिक्षा कोष बनाएको, छात्रवृत्ति र तालिम कार्यक्रममार्फत शिक्षा क्षेत्रमा योगदान पुऱ्याएको देखिन्छ (Dhakal, 2012) ।

सहकारी संस्थाको सदस्यमा आधारित संरचना, साझा मूल्य, र समुदायसँगको प्रत्यक्ष सम्बन्धले समावेशीता प्रवर्द्धनमा अवसर प्रदान गर्दछ । यदि निर्णय प्रक्रियामा सबै समूहको आवाज सुन्ने अभ्यास छ भने समावेशीताको अभ्यास दीगो र प्रभावकारी बन्न सक्छ । सहकारी संस्थामा सहभागितामूलक शासन अभ्यासका लागि केही चुनौती छन् । प्रतिनिधित्व समावेशी नहुनु, संस्थागत संरचनामा शक्ति सन्तुलन नहुनु र निर्णायक तह हुनेखाने वर्गको नियन्त्रणमा हुनु यसका मुख्य चुनौती हुन । यसकारणले सहकारी संस्थाको आन्तरिक लोकतन्त्रमा सहभागितामूलक शासन अभ्यासको प्रभाव सीमित छ । साथै, समावेशी अभ्यासको संरचनागत बाधा, सामाजिक पूर्वाग्रह, र स्रोतको असमान वितरणले महिला तथा सीमान्तकृत वर्ग र समूदायका व्यक्तिको विभिन्न प्रकारका सेवा सुविधाको पहुँचमा चुनौती थपेको छ (Shrestha, 2010; Pokharel, 2018) ।

साहित्य समीक्षाले सहभागितामूलक शासन र समावेशीता सम्बन्धी छलफल गर्ने आधार प्रदान गरेको छ । नेपालजस्तो विकासोन्मुख देशमा सहकारी संस्थाको निर्णायक तहमा वञ्चितकरणमा परेका समूहको प्रतिनिधित्व र समावेशीताको सवालमा अझै गहिरो अध्ययन आवश्यक छ । वास्तविक रूपमा सहभागितामूलक शासन र समावेशीताको प्रभाव अझै पर्याप्त रूपमा तथ्यगत मूल्याङ्कन भएको छैन भन्ने यस अध्ययनको दावी छ । यस अध्ययनमा अमरत्य सेनको समावेशीकरण सम्बन्धी अवधारणाका आधारमा उपलब्ध तथ्यहरुको विश्लेषण गरिएको छ ।

समावेशी शिक्षा (UNESCO २००९) ले सबै व्यक्तिलाई समान सिकाइ अवसर र क्षमता विकास सुनिश्चित गर्ने लक्ष्य राख्छ । सहकारी संस्थाले छात्रवृत्ति, सहकारी शिक्षा शिविर, नेतृत्व विकास तालिम र सीप विकास कार्यक्रममार्फत औपचारिक तथा अनौपचारिक शिक्षामा योगदान पुऱ्याउँदै आएका छन् । यस अध्ययनको घटना अध्ययनले देखाउँछ कि सहकारी शिक्षा शिविर र नेतृत्व विकास तालिममा सहभागी व्यक्तिहरू निर्णय प्रक्रियामा क्रमशः सक्रिय हुँदै गएका छन् । तथापि, महिला र दलित समुदायको सहभागिता अझै सीमित देखिन्छ, जसले समावेशी शिक्षा र सशक्तिकरणबीचको अन्तर वा ग्याप उजागर गर्छ ।

अध्ययन विधि

यस अध्ययनले सहकारी संस्थाको आन्तरिक निर्णय प्रक्रिया र निर्णायक तहमा महिला तथा सीमान्तकृत समूदायको सहभागिताको अवस्था अध्ययन गर्न घटना अध्ययन (केस स्टडी) विधिको प्रयोग गरेको छ । यसलाई संस्थागत अभ्यास र त्यसको ऐतिहासिक विकास क्रमलाई गहिरो विश्लेषणका लागि उपयुक्त विधि मानिन्छ । यस विधिले सहभागी सदस्य र नेतृत्वबीचको अन्तरक्रिया, शक्ति सन्तुलन र निर्णय प्रक्रियामा वञ्चितकरणमा परेका समूहको भूमिका स्पष्ट पार्न सहयोग पुऱ्याउँछ (Yin, 2014) ।

यस अध्ययनका लागि आवश्यक तथ्यांक सङ्कलन गर्न संस्थाले प्रकासन गरेका वार्षिक प्रतिवेदन र स्मारिकामा उल्लेखित सूचनाहरुको गहन अध्ययन गरिएको छ । यसक्रममा सामाजिक सर्भेमा प्रयोग हुने औजरहरु प्रयोग गरी संस्थाको सञ्चालक समिति, लेखा समिति, नौ वटा उप-समितिहरू र कर्मचारीहरू गरी जम्मा ८३ जनाको विस्तृत डाटावेस तयार गरीएको छ, जसमा ४६ प्रतिशत महिला रहेका छन् । माइक्रोसफ्ट एक्सेलमा तयार गरिएको उक्त डाटाबेसमा व्यक्तिको नाम थर, लिङ्ग, जातजातिगत प्रतिनिधित्व, शिक्षा, पद, उनिहरू संलग्न समितिको नाम जस्ता सुचनाहरू समावेश गरिएको छ । तथ्यांक विश्लेषणका लागि माइक्रोसफ्ट एक्सेल प्रयोग गरी तालिकाहरू बनाइएको छ । साथै केही थप जानकारीका लागि संस्थाका अध्यक्ष, व्यवस्थापक, सहायक व्यवस्थापक र केही सदस्यहरूसँग छलफल गरिएको थियो ।

सङ्कलित तथ्यांक विश्लेषण गर्दा प्रमुख विषयवस्तु पहिचान गरेर सहभागितामूलक शासनको स्वरूप, शक्ति संरचना, र समावेशीताको अवस्था बारे व्याख्या गरिएको छ । यस अध्ययनले महिला र सीमान्तकृत समूदायका व्यक्तिको निर्णायक तहमा रहेको सहभागितालाई केन्द्रमा राखेको छ । सहभागितामूलका शासन र समावेशी सिद्धान्तका आधारभुत मान्यताका आधारमा सीमान्तकृत समूदायको दृष्टिकोणबाट उपलब्ध तथ्यको विश्लेषण गरिएको छ। यसले निर्णय प्रक्रियामा वास्तविक सहभागिता कस्तो छ र समावेशी अभ्यासमा नेतृत्व र सदस्यबीचको अन्तरक्रियाले कस्तो प्रभाव पार्छ भन्ने बुझ्न मद्दत गर्छ । यसरी गुणात्मक र सहभागितामूलक उपागमबाट निर्देशित घटना अध्ययन विधिले अध्ययनको मुख्य प्रश्न र उद्देश्यसँग प्रत्यक्ष सम्बन्ध राख्दै सहकारी संस्थामा सहभागिता र समावेशीता अभ्यासको चित्र प्रस्तुत गरेको छ ।

नतिजा र छलफल

यो अध्ययनका क्रममा जनहितकारी बचत तथा ऋण सहकारी संस्थाले स्थानीय स्तरमा मात्र नभई जिल्ला र राष्ट्रिय स्तरमा आफ्नो पहिचान र छवि बनाएको पाइयो । विभिन्न निकायहरबाट संस्थाले प्राप्त गरेको प्रशंसा पत्रहरू र पुरस्कारहरूले यसको पुष्टी गर्दछन् । तलको तालिका नं. १ मा प्रस्तुत गरिएअनुसार यसले जिल्ला तथा राष्ट्रिय स्तरका निकायहरुबाट उत्कृष्ठ सहकारी संस्थाका रुपमा पुरस्कार तथा प्रशंसा पत्रहरु पाएको छ । यिं तथ्यहरूबाट के देखिन्छ भने यो संस्थाले निरन्तर प्रगति गर्दै अघि बढी रहेको छ । त्यसै अनुसार विभिन्न सरोकारवाला निकायबाट सकरात्मक मुल्यांकन भएको पाइन्छ ।

यस अध्ययनको कममा गरिएको छलफबाट जानकारी भएअनुसार २०७६ सालमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्सकुन) ले यस सहकारीलाई उत्कृष्ठ प्रविधि मैत्री संस्था घोषणा गरेको थियो । यो संस्था जिल्ला बचत तथा ऋण सहकारी संघ सुर्खेत; जिल्ला सहकारी संघ सुर्खेत; प्रदेश बचत तथा ऋण सहकारी संघ, कर्णाली प्रदेश, सुर्खेत; नेपाल बचत तथा ऋण सहकारी संघ, काठमाण्डौं; राष्ट्रिय सहकारी बैंक, काठमाण्डौं; र स्तरीकरण कोष, काठमाण्डौंमा आबद्ध भएको देखिन्छ (Janahitkari, 2024) ।

तालिका १: *सहकारी संस्थाले विभिन्न निकायहरुबाट प्राप्त पुरस्कार र प्रशंसा पत्रको बिवरण*

वर्ष (वि.सं)	पुरस्कार वा प्रशंसा पत्र	प्रदान गर्ने निकाय
२०६१	उत्कृष्ठ सहकारी संस्थाको रुपमा प्रशंसा पत्र	जिल्ला बचत तथा ऋण सहकारी संघ
२०६४	उत्कृष्ठ सहकारी संस्थाको रुपमा प्रशंसा पत्र	डिभिजन सहकारी कार्यालय, सुर्खेत

२०६६	उत्कृष्ठ सहकारी संस्था पुरस्कार	राष्ट्रिय सहकारी संघ
२०६६	उत्कृष्ठ सहकारी व्यवसाय पुरस्कार	राष्ट्रिय सहकारी बैंक
२०७०	सर्वोत्कृष्ठ सहकारी संस्था पुरस्कार (मध्य-पश्चिमाञ्चल विकास क्षेत्र स्तरीय)	नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ
२०७१	उत्कृष्ठ सहकारी संस्था पुरस्कार (मध्य-पश्चिमाञ्चल विकास क्षेत्र स्तरीय)	राष्ट्रिय सहकारी बैंक
२०७४	उत्कृष्ठ सहकारी संस्था पुरस्कार (कर्णाली प्रदेश स्तरीय)	नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ
२०७८	उत्कृष्ठ सहकारी व्यवसाय पुरस्कार	राष्ट्रिय सहकारी महासंघ

स्रोत: अध्ययनका लागि गरिएको फिल्ड सर्भे २०८२

आर्थिक तथा सामाजिक रूपान्तरणका लागि प्रत्येक सदस्यलाई गुणस्तरीय वितीय तथा गैह्र वितीय सेवाहरु सहज, सुलभ र दिगो रूपमा उपलब्ध गराउने ध्येय लिएको जनहितकारी बचत तथा ऋण सहकारी संस्थाका २४ वटा उद्देश्यहरु रहेका छन् (Janahitkari, 2024)। उल्लेखित उद्देश्यहरुको १६औं नम्बरमा “समाजका कम्जोर वर्ग र निम्न आय भएका व्यक्ति वा समूहको आर्थिक, सामाजिक र साँस्कृतिक उत्थानमा सहयोग पुर्याउन” भनिएको छ (Janahitkari, 2024) । संस्थाको उद्देश्य प्राप्तिका लागि तय गरिएका २८ वटा कार्यसूचिको २७औं नम्बरमा “संकटमा परेका सदस्यहरू, समाजका कम्जोर वर्ग, निम्न आय भएका व्यक्ति र समूहलाई राहत एवम् अन्य सहयोगको व्यवस्था गर्ने” भनिएको छ (Janahitkari, 2024) । यिं तथ्यले जनहितकारी बचत तथा ऋण सहकारी संस्था समाजको विविधता र वञ्चितिकरणमा परेका व्यक्ति तथा समूहको बारेमा सचेत रहेको देखिन्छ । यस संस्थाले अघि सारेका कार्यसूचिमा वञ्चितिकरणमा परेका व्यक्तिहरूका लागि “राहत तथा सहयोग प्रदान गर्ने” भन्ने शब्दावली प्रयोग गरिएको छ । यस्ता शब्दावलीहरुले उनिहरूलाई दयाको पात्रको रूपमा हेरेको वा चित्रित गरेको देखिन्छ, जुन अधिकारमुखी अवधारणाको दृष्टिमा उचित होइन किनकि यि कुराहरू उनिहरूका हक अधिकार हुन् । यिं कुराहरु संस्थाले दया मायाको रुपमा प्रदान गर्ने होइन । यो त संस्थाको कर्तव्य हो । यस अर्थमा सहकारी संस्थाले बञ्चितिकरणमा परेका व्यक्ति तथा समूहका लागी समावेशी शब्दावली प्रयोग गर्नुपर्छ । समावेशीकरणलाई सुनिश्चत गर्न संस्थामा समावेशीता मैत्री वातावरण हुनुपर्छ ।

जीवनको लक्ष्य प्राप्त गर्न सम्बन्धीत व्यक्तिको क्षमता अभिबृद्धि अनिवार्य छ (सेन, २०००) । यस अध्ययनको परिशिष्ठ दुईमा उल्लेख भएअनुसार जनहितकारी बचत तथा ऋण सहकारी संस्थाले क्षमता अभिबृद्धिका विभिन्न क्रियाकलाप सञ्चालन गरेको देखिन्छ । उक्त परिशिष्ठमा उल्लेख गरिए अनुसार सहकारी शिक्षा शिविर, विभिन्न सिप विकास तालिम तथा गोष्ठिहरूमा जम्मा १४३५ जना सहभागी भएको देखिन्छ । यो सहभागिताको अवसरले अवश्य पनि व्यक्तिको क्षमता अभिबृद्धि गर्न मद्दत पुग्छ । तर सेन (२०००) ले आफ्नो विचारमा भनेजस्तो समावेशी संस्थाले केवल समान अवसर प्रदान गर्ने मात्र होइन सदस्यहरूको समान क्षमता पनि सुनिश्चित गरिनुपर्छ । यस अर्थमा सहकारी संस्थाले सञ्चालन गर्ने यस्ता क्रियाकलापले व्यक्तिका सम्भावनाहरू विस्तार गर्न त सघाउँछ, तर विविधता भएको समाजमा कुन व्यक्ति र समूदायको सम्भावना विस्तार भयो भन्ने प्रश्न पनि महत्वपूर्ण छ । यदि महिला, दलित, जनजाति र

सीमान्तकृत समूदायका सदस्यको सुदृढ क्षमताको सुनिश्चता भएन भने उपलब्ध अवसरहरु केवल हुनेखाने व्यक्ति र वर्गको नियन्त्रण हुन्छन् । सबै सदस्यको समान क्षमता भए मात्र निर्णय गर्ने स्वतन्त्रता, सहभागिता गर्ने स्वतन्त्रता र आवाज उठाउने स्वतन्त्रताको अवसर सबैलाई प्राप्त हुन्छ (Sen, 2000; Sen 1999) । त्यसपछि मात्र सहकारी संस्थाले नियमित रूपमा गर्ने यस्ता क्रियाकलापले संरचनात्मक असमानता (लैङ्गिक, जातिय, वर्गिय र क्षेत्रीय विभेद) घटाउन मद्दत गर्छ ।

यहाँ जनहितकारी बचत तथा ऋण सहकारी संस्थाको संस्थागत संरचना केलाएर माथि उल्लेखित कुराहरू छलफल गर्ने प्रयास गरिएको छ । यस सहकारी संस्थाको सर्वोच्च निकायको रूपमा साधारण सभा र कार्यकारी अधिकार भएको सञ्चालक समित रहने व्यवस्था छ । त्यसैगरी लेखा सम्बन्धी काम गर्ने लेखा समिति र नौ वटा विषगत उप-समितिहरु रहेको पाइयो । वि.सं. २०५६ सालमा स्थापना भएको जनहितकारी बचत तथा ऋण सहकारी संस्थामा हाल १०८४७ सदस्य रहेका छन् जसमा ५५ प्रतिशत महिला र ४५ प्रतिशत पुरूष छन् (Janahitkari, 2024) । यो तथ्यले संस्थाको साधारण सभामा महिला सदस्यताको बाहुल्यता रहेको देखाँउछ ।

संस्थाको साधारण सभामा महिलाको संख्या बढी देखिए पनि कार्यकारी अधिकार भएको सञ्चालक समितिमा भने त्यस्तो अवस्था देखिदैन । यस संस्थाको स्थापना कालदेखि हालसम्मका जम्मा सात वटा सञ्चालक समिति बनेका छन् । यिं समितिहरुमा महिला सहभागिता हेर्दा तलको तालिका नं. २ मा उल्लेख भएबमोजिम पहिलो र तेस्रो समितिमा २२ प्रतिशत; दोस्रो र छैठौं समितिमा ३३ प्रतिशत; चौथोमा ३५ प्रतिशत; पाँचौंमा २७ प्रतिशत र सातौं वा बर्तमान सञ्चालक समितिमा ६४ प्रतिशत महिला सहभागिता रहेको देखिन्छ (Janahitkari, 2024) ।

तालिका २: *स्थापना कालदेखि हालसम्मका सञ्चालक समितिमा लैङ्गिक सहभागिताको विवरण*

सञ्चालक समिति	महिला	पुरुष	मुख्य पदमा महिला	कैफियत
प्रथम (२०५६ - २०६०)	२२ %	७८ %	० %	
दोस्रो (२०६० - २०६४)	३३ %	६७ %	११ %	सचिव
तेस्रो (२०६४ - २०६८)	२२ %	७८ %	० %	
चौथो (२०६८ - २०७२)	३६ %	६४ %	० %	
पाँचौं (२०७२ - २०७६)	२७ %	७३ %	० %	
छैठौं (२०७६ - २०८०)	३३ %	६७ %	० %	
सातौं (२०८० देखि हाल सम्म)	६४ %	३६ %	९ %	उपाध्यक्ष

स्रोत: अध्यनका लागि गरिएको फिल्ड सर्भे २०८२

सञ्चालक समितिहरुमा महिला सहभागिको प्रबृति कहिलै बढने र कहिलै घटने गरेपनि बर्तमान सञ्चालक समितिमा महिलाको संख्या उल्लेख्य छ । तर मुख्य पदहरूमा महिला सहभागिता भने अत्यन्तै न्युन देखिन्छ । हालसम्मका सञ्चालक समितिमा भएको महिला सहभागिता हेर्दा दोस्रो पटक बनेको

समितिमा सचिवको पद महिला रहेको देखिन्छ । यस तथ्यका आधारमा उक्त सहकारी संस्थाको निर्णय प्रक्रियामा महिलाको प्रभाव कम छ भन्ने दावी गर्न सकिन्छ ।

अहिलेको सञ्चालक समितिमा दुईजना उपाध्यक्ष रहने व्यवस्था भएको देखिन्छ । त्यसैले अहिले एकजना उपाध्यक्ष महिला र एकजना पुरूष छन् । एकजना उपाध्यक्ष महिलाका लागि आरक्षण गरिएको देखिन्छ किनकि उनलाई महिला उपाध्यक्ष भनेर सम्बोधन गरिएको छ । हालसम्मका अन्य कुनै पनि समितिमा दुईजना उपाध्यक्ष रहेको देखिदैन । यसरी हेर्दा महिला, दलित, जनजाति तथा सीमान्तकृत समूदायको सहभागिता सुनिश्चत गर्न आरक्षणले सकरात्मक भूमिका खेल्ने देखीयो । मुख्य पदमा पनि यस्तो आरक्षणको अभ्यासलाई संस्थाको विनियमले अनिवार्य गरेमा समावेशीकरणलाई सहयोग पुग्ने देखिन्छ । नेपालको संविधानले ३३ प्रतिशत महिला सहभागिता गराउनुपर्ने बाध्यकारी व्यवस्था गरेपछि त्यसको प्रभाव अन्य गैर सरकारी तथा नीजि क्षेत्रका संस्थाहरुमा परेको देखिन्छ । त्यसैले समावेशीकरणलाई सहजिकरण गर्न नीतिगत व्यवस्था अनिवार्य छ ।

यस सहकारी संस्थाका विभिन्न सञ्चालक समितिहरूमा महिला सहभागितालाई अझ गहिरोगरी हेर्ने हो भने सिमित महिलाहरू मात्र पटक पटक दोहरिएको देखिन्छ । ५९७८ जना महिला सदस्य भएको सहकारी संस्थामा २५ बर्षको अवधिमा जम्मा १२ जना महिला मात्र सञ्चालक समितिमा सहभागि भएको देखिन्छ । जसमा एकजना २२ बर्ष, एक जना १४ बर्ष, २ जना ८ बर्ष र एक जना ६ बर्ष, एक जना ४ बर्ष र ४ जना २ बर्ष सञ्चालक समितिमा बसेर काम गरेको देखिन्छ (विस्तृत विवरण परिशिष्ठ १ मा हेर्नुहोस) । उक्त सञ्चालक समितिमा रहने महिलाहरुमध्ये एक जनाले जनजाति समूहलाई प्रतिनिधित्व गर्नहुन्छ भने बाँकी ११ जना ब्राह्मण, क्षेत्री र सन्यासी जातजातिसँग सम्बन्धीत छन् । यसरी हेर्दा निर्णय प्रक्रियामा महिला सहभागिता र समावेशीकरण सुनिश्चितताका लागि जनहितकारी संस्थाले थप काम गर्नुपर्ने देखिन्छ । अर्थपूर्ण सहभागिताका लागि सेन (२०००)ले भने जस्तो समान अवसरहरू मात्र सृजना गरेर हुदैन समान क्षमताको पनि सुनिश्चितता गर्न जरूरी छ । किनकि यस सहकारी संस्थाको साधारण सदस्यहरुमा महिलाको बहुमत हुँदाहुँदै पनि निर्णायक तहमा महिला पुग्नै नसकेको देखिन्छ । संस्थाले वार्षिक रूपमा नियमित सञ्चालन गर्दै आएका क्षमता अभिबृद्धिका तालिम तथा सहकारी शिक्षा शिविरहरूका सहभगिहरू सचेत भएर छनोट गर्नुपर्दछ । त्यसमा महिला दलित, जनजाति र सीमान्तकृत समूदायका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चत गरिनु पर्छ । साथै हरेक क्षमता अभिबृद्धिका तालिम तथा सहकारी शिक्षा शिविरहरू सिकाई सुनिश्चित हुने गरी प्रभाभकारी ढंगले सञ्चालन हुनपर्दछ ।

त्यसै गरी संस्था स्थापना भएयता ३ सदस्यीय लेखा समितिहरु पनि गठन हुँदै आएको देखिन्छ । पहिलो लेखा समितिमा महिला सहभागिता नभए पनि त्यसपछिका सबै लेखा समितिहरुमा एक जना महिला सदस्य रहेको देखिन्छ । संयोजकको पदमा भने हालसम्म महिला रहेको देखिदैन । तथापी पछिल्लो पटक २०८० सालमा बनेको बर्तमान लेखा समितिको संयोजकमा दलितको प्रतिनिधित्व छ । संयोजक हुने दलित प्रतिनिधिको शिक्षाको स्तर हेर्दा उनेले उच्च शिक्षा अध्ययन गरेको देखिन्छ । उनको शैक्षिक स्तरले उनलाई निर्णायक तहको नेतृत्वमा पुग्न मद्दत गरेको देखिन्छ । यो तथ्यले निर्णायक तहमा सहभागिताका लागि समान क्षमताको अवसर पनि सुनिश्चत हुनपर्छ भन्ने सेन (२०००)को विचार व्यवहारिक देखिएको छ ।

यसका आधारमा के दावी गर्न सकिन्छ भने संस्थाका संरचनामा महिलाको उपस्थिति भएपनि निर्णायक तहमा महिला सहभागिता कम हुनुको एउटा कारण क्षमता र शिक्षा हो ।

तालिका ३: *स्थापना कालदेखि हालसम्मका लेखा समितिमा लैङ्गिक सहभागिताको विवरण*

सञ्चालक समिति	महिला	पुरुष	जम्मा	कैफियत
प्रथम (२०५६ - २०६०)	०	३	३	पुरुष मात्र सहभागि समिति
दोस्रो (२०६० - २०६४)	१	२	३	
तेस्रो (२०६४ - २०६८)	१	२	३	
चौथो (२०६८ - २०७२)	१	२	३	
पाँचौं (२०७२ - २०७६)	१	२	३	
छैठौं (२०७६ - २०८०)	१	२	३	
सातौं (२०८० देखि हाल सम्म)	१	२	३	दलित संयोजक भएको समिति

स्रोत: अध्यनका लागि गरिएको फिल्ड सर्भे २०८२

यस जनहितकारी बचत तथा ऋण सहकारी संस्थामा विभिन्न विषयतग उप समितिहरूको व्यवस्था छ । तलको तालिका नं. ४ मा उल्लेख भएबमोजिम यस सहकारी संस्थामा जम्मा नौ वटा उप-समितिहरू रहेका छन् । पछिल्लो पटक २०८० सालमा भएको साधारण सभाबाट बनेको सञ्चालक समिति अन्तर्गत बनेका उक्त उप-समितिहरूमा महिलाको संख्या उल्लेख्य देखिन्छ । यिं उप-समितिहरूमा जम्मा ३४ जनाको सहभागिता छ, जसमा ५६ प्रतिशत महिला र ४४ प्रतिशत पुरूष छन् । जम्मा ९ उप-समितिहरू मध्ये ७ वटा (७८%) मा महिला संयोजक रहेको देखिन्छ । यो संख्या प्रशंसनीय छ । तथापी शिक्षा उप-समिति र युवा परिचालन जस्ता महत्वपूर्ण उप-समितिहरू महिला विहिन छन् । निक्षेप बृद्धि उप-समिति र महिला तथा वालवालिका परिचालन उप-समितिमा पुरूषको सहभागिता छैन । अधिकांश महिला तथा पुरूष सहभागिहरूले ब्राह्मण, क्षेत्री र सन्यासी जातिबाट प्रतिनिधित्व गरेका छन् । दलित र जनजाति समूहबाट सहभागिता अत्यन्तै न्यून देखिन्छ । यिं उप-समितिहरूको जिम्मेवारी सञ्चालक समितिको निर्णय कार्यानवयन गर्ने हो । उनिहरू आफैले महत्वपूर्ण निर्णय गर्न सक्दैनन् । यिं सबै तथ्यहको आधारमा यस सहकारी संस्थाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहिकरणका लागि थप काम गर्नुपर्ने देखिन्छ ।

तालिका ४: *सहकारी संस्थाको सञ्चालक समिति अर्न्तगत रहेका उप-समितिमा महिला सहभागिताको अवस्था*

क्र.सं.	उप समितिको नाम	महिला	पुरुष	जम्मा	महिला संयोजक
१	ऋण	२	१	३	१
२	ज्येष्ठ सदस्य सहयोग	१	४	५	१
३	निक्षेप बृद्धि	०	३	३	१
४	महिला तथा वालवालिका परिचालन	०	४	४	१
५	युवा परिचालन	५	०	५	०

क्र.सं.	उप समितिको नाम	महिला	पुरुष	जम्मा	महिला संयोजक
६	बाल हित संरक्षण	१	२	३	१
७	शिक्षा	३	०	३	०
८	सूचना तथा प्रविधि	२	१	३	१
९	स्वास्थ्य तथा वातावरण	२	३	५	१
	जम्मा	१५	१९	३४	७
	प्रतिशत	४४ %	५६ %	१०० %	७८ %

स्रोत: अध्यनका लागि गरिएको फिल्ड सर्भे २०८२

सहकारी संस्थाबाट परिचालित पूँजिबाट हजारौंको संख्यामा रोजगारी सृजना भएको छ (जनहितकारी, २०२४) । महिलाहरूले यस अवसरको उपयोग कति गरेका छन अथवा कति प्रतिशत महिलाको उक्त अवसरमा पहुँच छ भन्ने यस अध्ययनको मुल चाँसो हो । जनहितकारी बचत तथा ऋण सहकारी संस्थाले एक अरब बराबरको पूँजि परिचालन गरेर व्यापार व्यवसाय प्रबर्धनमा सहयोग पुरयाएको देखिन्छ । सहकारीको दैनिक कार्यसञ्चालन गर्न जम्मा ३५ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेको देखिन्छ, जसमा ६३ प्रतिशत महिला छन् । वि.सं. २०२१ को राष्ट्रिय जनगणनाले १५ बर्ष र सो भन्दा माथिको उमेर समूहमा जम्मा ३६ प्रतिशत महिला रोजगार भएको देखाउँछ । यस तथ्यसँग तुलना गरेर हेर्ने हो भने यस सहकारीले उपलब्ध गराएको रोजगारीको अवसरमा महिला सहभागिता उल्लेख्य (६३ प्रतिशत) छ । यो सकरात्मक पक्ष हो यद्यपी धेरै महिलाहरू सहायक तहमा सिमित छन् ।

तालिका ५: *सहकारी संस्थाको कर्मचारी संरचनामा लैङ्गिकताको अवस्था*

प्द	पुरुष	महिला	जम्मा
ऋण सहायक	४	५	५
कार्यालय सहायक	४		४
नगद सहायक	१	५	६
बजार सहायक		८	८
लेखापाल	१		१
विभागिय प्रमुख	२		२
व्यवसाय सहायक		१	१
व्यवस्थापक	१		१
सहायक व्यवस्थापक	१		१
सूचना प्रविधि सहायक		१	१
सेवाकेन्द्र प्रमुख	१	२	५
जम्मा	१७	२२	३५
प्रतिशत	३७	६३	१००

स्रोत: अध्यनका लागि गरिएको फिल्ड सर्भे २०८२

Arnstein’s Ladder of Participation को आधारमा हेर्दा, अध्ययन गरिएको सहकारी संस्थामा महिलाको सहभागिता प्राय तल्लो तहमा तहमा सीमित देखिन्छ,। जबकि वास्तविक शक्ति साझेदारी र निर्णायक तहमा उनीहरूको उपस्थिति कम्मजोर छ ।

निष्कर्ष

यो अध्ययनले जनहितकारी बचत तथा ऋण सहकारी संस्थामा महिलाको सदस्यता उच्च भए पनि निर्णयक तहमा उनिहरुको प्रभाव नगन्य रहेको देखाएको छ । विभिन्न प्रतिष्ठित निकायहरुबाट उत्कृष्ठ सहकारी संस्थाको पुरस्कार पाउने संस्थाको लागि यो सोचनीय विषय हो । सहभागितामूलक शासन र समावेशी अभ्यासको मुलप्रवाहिकरणलाई पनि सरोकारवालाले संस्था मुल्यांकनको आधार बनाउनुर्छ । दुई जना उपाध्यक्षमा एक जना महिला रहने व्यवस्था गरी जनहितकारी बचत तथा ऋण सहकारी संस्थाले समावेशीताका लागि आरक्षणको अभ्यास आरम्भ गरेको छ । नेतृत्व र निर्णायक तहमा महिला तथा सीमान्तकृत व्यक्ति र समूदायको अर्थपूर्ण सहभागिताका लागि नीतिगत सुधार आवश्यक छ । सहकारी संस्था केवल आर्थिक संस्था होइन, शिक्षा र सामाजिक रूपान्तरणको माध्याम पनि हो । त्यसैले नीति निर्माण तहमा महिला र सीमान्तकृत समूहको नेतृत्व विकासका गर्न सहकारीहरूले प्रभावकारी नेतृत्व विकास तालिम र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत सुधारमा जोड दिनु आवश्यक छ ।

सहकारी संस्थामा महिलाको संख्यात्मक सहभागिता उच्च भए पनि निर्णायक तहमा प्रतिनिधित्व कम्मजोर छ । शिक्षा र क्षमता अभिवृद्धि कार्यक्रमहरूले सशक्तिकरणमा योगदान पुऱ्याए पनि लक्षित समूहसम्म समान रूपमा पुगेका छैनन् । सहभागितामूलक शासनको अभ्यास अझै सीमित र आंशिक छ । यसमा आधारमा निम्नानुसारका सिफारिसहरु गरिएको छः

- **छोटो अवधिका लागि सिफारिसः** सबै समितिमा न्यूनतम लैङ्गिक तथा जातीय समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- **मध्यम अवधिका लागि सिफारिसः** महिला र दलितका लागि लक्षित नेतृत्व विकास तथा समावेशी शिक्षा कार्यक्रम विस्तार गर्ने ।
- **दीर्घकालका लागि सिफारिसः** सहकारी संस्थालाई समुदायस्तरीय समावेशी शिक्षा केन्द्रका रूपमा विकास गर्ने ।

कृतज्ञताः *फिल्ड अध्ययनका क्रमा यस अध्ययनका लागि आवश्यक तथ्य र तथ्याङ्का साथै संस्थाका प्रकाशनहरु उपलब्ध गराउने वीरेन्द्रनगर नगरपालिका वडा नं ४ स्थित जनहितकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष नवराज कँडेल, व्यवस्थापक हिमलाल गौतम, सहायक व्यवस्थापक मितेन्द्रनाथ योगी र सूचना प्रविधि सहायक रेखा सिंहलाई यस अवसरमा हार्दिक धन्यवाद दिन चाहन्छु ।*

सन्दर्भ सामग्रीहरु

Arnstein, S. R. (1969). *A ladder of citizen participation*. *Journal of the American Institute of Planners, 35*(4), 216–224. https://doi.org/10.1080/01944366908977225

Birchall, J. (2004). *Cooperatives and the millennium development goals*. Geneva: International Labour Office (ILO).

Bourdieu, P. (1986). *The forms of capital*. In J. Richardson (Ed.), *Handbook of theory and research for the sociology of education* (pp. 241–258). Greenwood Press.

Central Bureau of Statistics (CBS). (2021). *National population and housing census 2021: National report.* Government of Nepal, National Planning Commission.

CERID. (2016). *Access, equity and quality in education: A study on disadvantaged groups in Nepal*. Kathmandu: Research Centre for Educational Innovation and Development (CERID), Tribhuvan University.

Dhakal, S. (2012). *Cooperatives and inclusive education promotion in Nepal: A case of community-based initiatives*. *Cooperative Journal of Nepal, 4*(2), 45–58.

Fraser, N. (2009). *Scales of justice: Reimagining political space in a globalizing world*. New York: Columbia University Press.

Fung, A., & Wright, E. O. (2003). *Deepening democracy: Institutional innovations in empowered participatory governance*. London: Verso.

Janahitkari, C. (2024). *Souvenir on the Occasion of 25th Anniversary (Silver Jubilee)*, Janahitkari Saving and Credit Cooperative Limited

Khadka, S. (2020). *Barriers to inclusive education in Nepal: Structural and social dimensions*. *Educational Review Nepal, 12*(1), 23–39.

Majee, W., & Hoyt, A. (2011). *Cooperatives and community development: A perspective on the use of cooperatives in development*. *Journal of Community Practice, 19*(1), 48–61. https://doi.org/10.1080/10705422.2011.550260

Nepal Press (2021). Cooperatives have a favorable impact on Nepal: Ministry study findings. https://english.nepalpress.com//05/01/2021cooperatives-have-a-favorable-impact-on-nepal-ministry-study-findings/?utm

Ojha, A. (2024). Measures to control cooperative embezzlement ,Republica, August 18, 2024. https://www.myrepublica.nagariknetwork.com/news/measures-to-control-cooperative-embezzlement?utm

Pokharel, B. (2018). *Elite capture and governance challenges in Nepali cooperatives*. *Journal of Development Studies Nepal, 6*(1), 87–103.

Sen, A. (1999). *Development as freedom.* Oxford University Press.

Sen, A. (2000). *Social exclusion: Concept, application, and scrutiny. Social Development Papers No. 1.* Office of Environment and Social Development, Asian Development Bank.

Shahi, B. (2006). *Cooperative and Social Inclusion*, Cooperative Souvenir 20023, District Saving and Credit Cooperative's Association (DSCCA), Achham.

Shrestha, P. (2010). *Power dynamics and participatory governance in cooperative institutions of Nepal*. *Nepalese Journal of Public Policy and Governance*, *2*(1), 55–72.

Silver, H. (1994). *Social exclusion and social solidarity: Three paradigms. International Labour Review*, *133*(5–6), 531–578.

The Kathmandu Post: Friday, October 24, 2025: Only 22 percent of working-age women are employed in Nepal. https://kathmandupost.com/valley//02/05/2019only--22percent-of-working-age-women-are-employed-in-nepal?utm

UNESCO. (2009). *Policy guidelines on inclusion in education*. Paris: United Nations Educational, Scientific and Cultural Organization (UNESCO).